# विज्ञको सूची (रोष्टर) दर्ता तथा व्यवस्थापन दिग्दर्शन, २०८३

**स्वीकृत मिति २०८३/०३/०१**

**<u>प्रस्तावना:</u>** मन्त्रालयको कार्यसम्पादनलाई प्रभावकारी, गुणस्तरीय, पारदर्शी तथा मितव्ययी बनाउन निःशुल्क रुपमा स्वयम् सेवा गर्ने विज्ञको सूची (रोष्टर) तयार गरी पूर्वाधारका विभिन्न क्षेत्रहरुमा आवश्यकता अनुसार विज्ञको सेवालाई उपयोग गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको दिग्दर्शन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस दिग्दर्शनको नाम “विज्ञको सूची (रोष्टर) दर्ता तथा व्यवस्थापन दिग्दर्शन, २०८३” रहेको छ।

(२) यो दिग्दर्शन मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस दिग्दर्शनमा,-

(क) “आवेदक” भन्नाले विज्ञको सूची (रोष्टर)मा नाम दर्ता गराउन आवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(ख) “कार्यदल” भन्नाले दफा ५ बमोजिमको छनोट तथा मूल्याङ्कन कार्यदल सम्झनु पर्छ।

(ग) “डिजिटल प्रणाली” भन्नाले विज्ञको सूची दर्ता, व्यवस्थापन तथा अनुगमनका लागि प्रयोग गरिने अनलाइन प्लेटफर्म सम्झनु पर्छ।

(घ) “मन्त्रालय” भन्नाले पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) “विज्ञ” भन्नाले सम्बन्धित क्षेत्रमा उच्च शैक्षिक योग्यता हासिल गरेको, विशेष ज्ञान, कार्य अनुभव, दक्षता र सीप भएको व्यक्ति सम्झनु पर्छ।

(च) “विज्ञको सूची (रोष्टर)” भन्नाले दफा १० बमोजिम नाम दर्ता भएका विज्ञहरूको एकीकृत सूची सम्झनु पर्छ।

(छ) "स्वयम् सेवा" भन्नाले विज्ञको सूची (रोष्टर)मा नाम दर्ता भएका कुनै व्यक्तिले आफ्नो स्वेच्छाले पारिश्रमिक नलिई कार्य विवरणमा तोके बमोजिम गर्ने परामर्श सेवा सम्झनु पर्छ।

३. **<u>विज्ञको सूची (रोष्टर) तयार गर्ने:</u>** (१) मन्त्रालयले आवश्यकता अनुसार देहायका क्षेत्रमा विज्ञको सूची (रोष्टर) तयार गर्न सक्नेछः-

**(क) <u>क्षेत्रगत विषयः</u>**

(१) <u>यातायात तथा भौतिक पूर्वाधार विकास</u>: सडक, पुल, सुरुङ, रेलमार्ग, मेट्रो/मास ट्रान्जिट, रज्जु मार्ग, केबलकार, जलमार्ग, यातायात व्यवस्थापन तथा सडक सुरक्षा र अन्य सम्बन्धित विषय,

(२) <u>सहरी विकास, भवन तथा आवास:</u> सहरी तथा क्षेत्रीय योजना, भू-उपयोग व्यवस्थापन, भवन संहिता, बस्ती विकास, सुरक्षित आवास, नगर पूर्वाधार र अन्य सम्बन्धित विषय,

(३) <u>खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन</u>: खानेपानी आपूर्ति प्रणाली, ढल तथा फोहर पानी व्यवस्थापन, फोहोर पानी प्रशोधन प्रणाली, वातावरणीय सरसफाइ सेवा र अन्य सम्बन्धित विषय,

(४) <u>दिगो तथा वातावरणमैत्री पूर्वाधार</u>: नवीकरणीय उर्जा, हरित तथा जलवायु-अनुकूल पूर्वाधार, वातावरणीय व्यवस्थापन, कार्बन उत्सर्जन न्यूनीकरण तथा दिगो विकास र अन्य सम्बन्धित विषय,

(५) <u>सामाजिक उत्तरदायित्व तथा पहुँचयोग्य पूर्वाधार</u>: शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा, समावेशी तथा पहुँचयोग्य पूर्वाधार र अन्य सम्बन्धित विषय।

**(ख) <u>अन्तरसम्बन्धित विषय:</u>**

(१) नीति, कानून तथा सँस्थागत सुदृढीकरण र शासन प्रणाली: नीति निर्माण, कानूनी विश्लेषण, नियामक ढाँचा, सँस्थागत समन्वय तथा सुधार र अन्य सम्बन्धित विषयहरू,

(२) आयोजना व्यवस्थापन तथा कार्यान्वयन प्रणाली:- पहिचान, सम्भाव्यता अध्ययन, योजना, डिजाइन, खरिद, निर्माण, सुपरिवेक्षण, सञ्चालन तथा मर्मत र अन्य सम्बन्धित विषयहरू,

(३) भौगोलिक सूचना प्रणाली (GIS), डिजिटल रूपान्तरण तथा तथ्याङ्क व्यवस्थापन/विश्लेषण:- Spatial Planning, MIS, BIM, e-Governance, Data-driven decision support र अन्य सम्बन्धित विषयहरू,

(४) विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा दिगोपन: Disaster Risk Reduction mainstreaming, Climate-resilient infrastructure, Environmental safeguards र अन्य सम्बन्धित विषयहरू,

(५) अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा सिकाइ प्रणाली: परिणाममा आधारित व्यवस्थापन, प्रभाव मूल्याङ्कन तथा ज्ञान व्यवस्थापन र अन्य सम्बन्धित विषयहरू,

(६) सार्वजनिक-निजी साझेदारी (PPP), लगानी तथा वित्तीय व्यवस्थापन:- Project financing, PPP models, donor coordination, cost-benefit analysis र अन्य सम्बन्धित विषयहरू,

(७) अनुसन्धान, नवप्रवर्तन तथा प्राविधिक डिजाइन:- Research & Development, innovation, standards development, engineering/urban design र अन्य सम्बन्धित विषयहरू।

४. **<u>विज्ञको लागि योग्यता:</u>** (१) विज्ञको सूची (रोष्टर) मा दर्ता हुन देहायको योग्यता हुनु पर्नेछ-

(क) नेपालको नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहको शैक्षिक उपाधि प्राप्त गरेको,

(ग) सम्बन्धित क्षेत्रमा दश वर्ष वा सोभन्दा बढी पेशागत कार्य अनुभव भएको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकृतिका कार्यमा मन्त्रालयले थप योग्यता निर्धारण गर्न सक्नेछ।

**५. <u>छनोट तथा मूल्याङ्कन कार्यदल:</u>** (१) मन्त्रालयले विज्ञको सूची (रोष्टर) मा नाम दर्ता हुन प्राप्त भएका आवेदनहरूको छनोट तथा मूल्याङ्कन गरी सिफारिस गर्न कार्यदल गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यदलले सिफारिस गर्दा अबलम्बन गर्नुपर्ने अन्य प्रक्रिया सम्बन्धी कार्य सो कार्यदल आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. <u>कार्यदलको काम, कर्तव्य र अधिकारः</u>** कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञको सूची (रोष्टर) दर्ताका लागि दरखास्त आह्वान गर्ने,

(ख) प्राप्त दरखास्तहरूको शैक्षिक योग्यता, कार्य अनुभव तथा विषयगत विज्ञताको मूल्याङ्कन गरी योग्य उम्मेदवारहरूको सूची (रोष्टर) तयार गर्ने,

(ग) योग्यता तथा प्राथमिकताका आधारमा उपयुक्त उम्मेदवारलाई विज्ञ रोष्टरमा दर्ता गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) स्वयंसेवी विज्ञको सूची (रोष्टर) दर्ता तथा व्यवस्थापन सम्बन्धी कार्यको नियमित अनुगमन तथा वार्षिक मूल्याङ्कन गर्ने,

(ङ) विज्ञहरूको वार्षिक संलग्नता सङ्ख्या, प्रदान गरिएको विषयसँग सम्बन्धित परामर्श सेवा, कार्यसम्पादन, उपलब्धि तथा समग्र व्यवस्थापनको प्रभावकारिता मूल्याङ्कन गर्ने,

(च) मूल्याङ्कनका आधारमा विज्ञको (रोष्टर) अद्यावधिक गर्न, कार्यसम्पादन सुधार गर्न तथा आवश्यक सिफारिसहरू मन्त्रालयसमक्ष पेश गर्ने,

(छ) विज्ञले तोकिएको कार्य सम्पादन गरे पश्चात् प्रशंसापत्र वितरण गर्ने,

(ज) प्रत्येक आर्थिक वर्षको समाप्त भएको मितिले साठी दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने।

**७. <u>सूचना प्रकाशन गर्ने:</u>** (१) कार्यदलले दफा १० बमोजिम विज्ञको सूची (रोष्टर) मा दर्ता गर्नको लागि प्रत्येक आर्थिक वर्षमा मन्त्रालयको आधिकारिक वेबसाइट, सूचना पाटी वा सामाजिक सञ्जाल मार्फत अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गरी स्वयम् सेवा गर्न इच्छुक व्यक्तिबाट अनुसूची-२ बमोजिमको ढाँचामा अनलाइन आवेदन आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सो सूचना बमोजिम विज्ञको सूची (रोष्टर)मा दर्ता हुन चाहने दफा ४ बमोजिमको योग्यता पुगेका व्यक्तिले देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी अनलाइन आवेदन दिन सक्नेछः-

(क) नागरिकताको प्रमाणपत्र,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र,

(ग) पेशागत कार्य अनुभव खुल्ने कागजात

**८. <u>आवेदकको छनोट</u>:** दफा ७ बमोजिम सूचना प्रकाशन भएपछि कार्यदलले रीतपूर्वक प्राप्त भएका तथा दफा ४ बमोजिमको योग्यता पुगेका आवेदकहरुको अनलाइन दरखास्तहरूको जाँचबुझ

गरी योग्य उम्मेदवारको नाम छनोट गर्नु पर्नेछ र छनोट भएका आवेदकलाई डिजिटल प्रणाली मार्फत छनोट भएको जानकारी गराउनु पर्नेछ।

९. **मूल्याङ्कनको आधारः** विज्ञको सूची (रोष्टर)मा नाम दर्ताको लागि दफा ८ बमोजिम छनोट भएका उम्मेदवारको सिफारिस गर्दा देहायको आधारमा मूल्याङ्कन गरिनेछः-

| मूल्याङ्कनका आधार | अनुभव/योग्यता |
|---|---|
| (क) अनुभव | सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष वा सोभन्दा बढी पेशागत अनुभव हासिल गरेको, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका आयोजना, कार्यक्रम वा अध्ययनमा संलग्न भएको तथा परियोजना कार्यान्वयन, समन्वय वा नेतृत्वदायी भूमिका निर्वाह गरेको। |
| (ख) विषयगत विशेषज्ञता | सम्बन्धित कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित विषयमा पर्याप्त ज्ञान, सीप तथा विशेषज्ञता हासिल गरेको तथा सम्बन्धित क्षेत्रमा व्यावहारिक अनुभव भएको। |
| (ग) प्राविधिक क्षमता | सम्बन्धित क्षेत्रमा उच्चस्तरीय प्राविधिक क्षमता भएको, आधुनिक प्रविधि, विधि, प्रणाली तथा उपकरणहरूको प्रयोगमा दक्षता हासिल गरेको। |
| (घ) योगदान | नीति निर्माण, अनुसन्धान, अध्ययन, प्रतिवेदन, आयोजना वा कार्यक्रम कार्यान्वयनमा उल्लेखनीय योगदान पुऱ्याएको तथा आवश्यकतानुसार प्रकाशन, तालिम, परामर्श वा प्राविधिक सहयोगमा संलग्न भएको। |
| (ङ) नेतृत्व तथा समन्वय क्षमता | बहु-सरोकारवाला पक्षसँग समन्वय गरी कार्य गर्न सक्ने क्षमता भएको, संस्थागत नेतृत्व, टोली व्यवस्थापन तथा अन्तर निकाय सहकार्यमा अनुभव हासिल गरेको। |

१०. **सिफारिस तथा दर्ता गर्नेः** (१) कार्यदलले दफा ९ बमोजिमको मूल्याङ्कनको आधारमा विज्ञहरुको नाम मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका योग्य उम्मेदवारलाई मन्त्रालयले विज्ञको सूची (रोष्टर) मा नाम दर्ता गर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विज्ञको सूची (रोष्टर) मा नाम दर्ता गर्ने निर्णय भएपश्चात विज्ञको सूची (रोष्टर) मा नाम दर्ता गरी सोको विवरण मन्त्रालयमा रहेको केन्द्रीय डिजिटल प्रणालीमा सुरक्षित राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विज्ञको सूची (रोष्टर) मा नाम दर्ता भएका विज्ञहरुको सूची (रोष्टर) दुई वर्षको लागि मान्य हुनेछ।

११. **विज्ञको सेवा लिन सक्नेः** विज्ञको सूची (रोष्टर) मा दर्ता भएका सम्बन्धित विषय विज्ञहरु मध्येबाट मन्त्रालयले देहायका विषय वा क्षेत्रमा आवश्यक परामर्श सेवा लिन सक्नेछः-

(क) नीति निर्माण,
(ख) आयोजना/योजना तथा व्यवस्थापन,
(ग) अध्ययन तथा अनुसन्धान,
(घ) तालिम तथा क्षमता विकास,
(ङ) प्राविधिक निरीक्षण,
(च) समीक्षा तथा मूल्याङ्कन ।

१२. <u>**कार्य विवरण तयार गर्नेः**</u> (१) दफा ११ बमोजिम विज्ञको सेवा लिदा मन्त्रालयले अनुसूची-३ बमोजिमको ढाँचामा कार्य विवरण तयार गरी विज्ञलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको कार्य विवरणका आधारमा विज्ञले तोकिएको कार्य सम्पादन गरी सोको प्रतिवेदन कार्यदल समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विज्ञले प्रतिवेदन पेश गरे पश्चात निजलाई कार्यदलले त्यस्तो सेवा गरे बापत प्रशंसापत्र प्रदान गर्नेछ।

१३. <u>**निःशुल्क सेवा सम्बन्धी व्यवस्था**</u>ः मन्त्रालयले यस दिग्दर्शन बमोजिम परामर्श सेवा लिदा विज्ञको सूची (रोष्टर) मा दर्ता भएका विज्ञहरूमध्येबाट निःशुल्क रूपमा सेवा प्राप्त गर्नेछ।

१४. <u>**विज्ञको कर्तव्य र दायित्वः**</u> विज्ञको सूचीमा दर्ता भएका विज्ञहरुको कर्तव्य र दायित्व देहाय बमोजिम हुनेछः-

(क) निष्पक्ष, स्वतन्त्र तथा पेशागत आचरणको पालना गरी कार्य सम्पादन गर्नुपर्ने,
(ख) मन्त्रालय तथा कामको प्रकृति अनुसार गोपनीय सूचनाको संरक्षण गर्नुपर्ने,
(ग) स्वार्थ बाझिने अवस्था भएमा पूर्व जानकारी दिनुपर्ने,
(घ) समयमा नै कार्य सम्पन्न गर्नुपर्ने,
(ङ) नीति तथा प्रचलित कानूनको पालना गर्नुपर्ने,
(च) अनुचित प्रभाव वा दबाबमा पर्न नहुने,
(छ) सार्वजनिक हित विपरीत कार्य गर्न नहुने।

१५. <u>**दर्ता खारेजीः**</u> मन्त्रालयले देहायको कुनै पनि अवस्थामा विज्ञको दर्ता खारेज गर्न सक्नेछः-

(क) विज्ञको सूचीमा दर्ताका लागि झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा,
(ख) कार्य सम्पादन सन्तोषजनक नभएमा,
(ग) पेशागत मर्यादा विपरीत कार्य गरेमा,
(घ) स्वेच्छाले नाम हटाउन निवेदन दिएमा, वा
(ङ) दफा १४ बमोजिमको कर्तव्य र दायित्व पालना नगरेमा।

१६. <u>**कार्य जिम्मेवारी दिन सक्नेः**</u> मन्त्रालयले यस दिग्दर्शन बमोजिम विज्ञको सूची (रोष्टर) दर्ता तथा व्यवस्थापन गर्ने कार्यका लागि मन्त्रालयको कुनै महाशाखालाई जिम्मेवारी दिन सक्नेछ।

१७. <u>**बाधा अड्काउ फुकाउने अधिकार**</u>ः यस दिग्दर्शन बमोजिम कार्य गर्दा कुनै बाधा अड्काउ भएमा सो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

१७. <u>**दिग्दर्शनको संशोधनः**</u> मन्त्रालयले यो दिग्दर्शन आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची -१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**विज्ञ सूची (Volunteer Expert Roster) मा दर्ता सम्बन्धी सूचना**

नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालयका कार्यलाई प्रभावकारी, गुणस्तरीय तथा परिणाममुखी बनाउन दक्ष तथा अनुभवी स्वयंसेवी विज्ञहरूको अद्यावधिक विशेषज्ञ सूची (Volunteer Expert Roster) तयार गर्न आवश्यक भएकोले, स्वयम् सेवा (निःशुल्क) रूपमा सेवा प्रदान गर्न इच्छुक योग्य व्यक्तिबाट देहाय बमोजिम आवेदन आह्वान गरिएको छः-

**१. आवेदनका क्षेत्रहरूः**

१. यातायात तथा भौतिक पूर्वाधार विकास
२. सहरी विकास, भवन तथा आवास
३. खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन
४. दिगो तथा वातावरणमैत्री पूर्वाधार
५. सामाजिक उत्तरदायित्व तथा दिगो पूर्वाधार

**२. न्यूनतम योग्यताः** सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरेको र सम्बन्धित क्षेत्रमा दश वर्ष वा सोभन्दा बढी पेशागत कार्य अनुभव भएको हुनु पर्नेछ।

**३. आवेदन प्रक्रियाः**

१. अनलाइन फाराममार्फत आवेदन दिनुपर्ने।
२. आवश्यक कागजातहरू स्क्यान गरी अपलोड गर्नुपर्ने।

**४. आवश्यक कागजातः**

१.नागरिकताको प्रमाणपत्र
२. शैक्षिक योग्यताको प्रमाणपत्र
३. व्यावसायिक कार्य अनुभव खुल्ने कागजात (Experience Certificate)

**५. अन्तिम मितिः**

पूर्वाधार विकास मन्त्रालय

६. आवेदन लिंकः

**अनुसूची -२**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>विज्ञ सूची (Volunteer Expert Roster)को आवेदनको ढाँचा</u>**

**१. सामान्य विवरण (Basic Information)**

पूरा नाम (Full Name)::

जन्म मिति (Date of Birth):

नागरिकता नम्बर (Citizenship No.):

लिङ्ग (Gender): ☐ पुरुष ☐ महिला ☐ अन्य

स्थायी/सम्पर्क ठेगाना (Contact Address):

देश (Country):

मोबाइल नम्बर (Mobile No.).:

इमेल ठेगाना (Email Address):

हालको संस्था/आवद्धता (Current Organization/Affiliation):

हालको पद (Current Position):

व्यावसायिक प्रोफाइल (LinkedIn वा अन्य):

**२. विशेषज्ञता तथा संलग्नता (Expert Category and Area of Engagement)**

*१. मुख्य क्षेत्र (संलग्न हुन चाहेको क्षेत्र)/Sector of Engagement (Preferred Area) – (Tick one or more):*

☐ यातायात तथा भौतिक पूर्वाधार विकास (Transport and Physical Infrastructure Development)

☐ सहरी विकास, भवन तथा आवास (Urban Development, Building and Housing)

☐ खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन (Water Supply, Sanitation and Sewerage Management)

☐ वातावरण तथा दिगो पूर्वाधार (Environment and Sustainable Infrastructure)

☐ सामाजिक तथा सेवा-आधारित पूर्वाधार (Social and Service-Based Infrastructure)

*२. उप-क्षेत्रगत विशेषज्ञता (संलग्न हुन चाहेको उप-क्षेत्र) / Sub-sector Expertise (Preferred Area) – (Tick relevant areas):*

(क) यातायात तथा भौतिक पूर्वाधार विकास (Transport and Physical Infrastructure Development)



पूर्वाधार विकास मन्त्रालय

☐ सडक (Road), ☐ पुल (Bridge), ☐ सुरुङ (Tunnel), ☐ रेलमार्ग (Railway), ☐ मेट्रो/मास ट्रान्जिट (Metro/Mass Transit), ☐ केबलकार (Cable Car), ☐ जलमार्ग (Waterway), ☐यातायात व्यवस्थापन तथा सडक सुरक्षा (Transport Management and Road Safety), ☐ अन्य (Others) …….

(ख) सहरी विकास, भवन तथा आवास (Urban Development, Building and Housing)

☐ सहरी तथा क्षेत्रीय योजना (Urban and Regional Planning), ☐ भू-उपयोग व्यवस्थापन (Land Use Management), ☐ भवन संहिता कार्यान्वयन (Building Code Implementation), ☐ बस्ती विकास (Settlement Development), ☐ सुरक्षित तथा समावेशी आवास (Safe and Inclusive Housing), ☐ नगर पूर्वाधार (Urban Infrastructure), ☐ अन्य (Others)…….

(ग) खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन (Water Supply, Sanitation and Sewerage Management)

☐ खानेपानी आपूर्ति प्रणाली (Water Supply System), ☐ ढल तथा फोहरपानी व्यवस्थापन (Sewerage and Wastewater Management), ☐ प्रशोधन प्रणाली (Treatment System), ☐ स्वच्छता तथा सरसफाइ सेवा (Sanitation and Hygiene Services) ☐ अन्य (Others)…….

(घ) वातावरण तथा दिगोपन पूर्वाधार (Environment and Sustainable Infrastructure)

☐ ऊर्जा दक्षता (Energy Efficiency), ☐ हरित तथा जलवायु - अनुकूल पूर्वाधार (Green and Climate-Resilient Infrastructure), ☐ वातावरणीय व्यवस्थापन (Environmental Management), ☐ कार्बन न्यूनिकरण तथा दिगोपन (Carbon Reduction and Sustainability), ☐ अन्य (Others) …….

(ङ) सामाजिक तथा सेवा-आधारित पूर्वाधार (Social and Service-Based Infrastructure)

☐ शिक्षा (Education), ☐ स्वास्थ्य (Health), ☐ सार्वजनिक सेवा (Public Services), ☐ सामाजिक समावेशी तथा पहुँचयोग्य पूर्वाधार (Socially Inclusive and Accessible Infrastructure), ☐ अन्य (Others)…….

## ३. शैक्षिक योग्यता (Educational Qualification)

| उपाधि (Degree) | अध्ययनको विषय (Field) | शैक्षिक संस्था (Institution) | उत्तीर्ण वर्ष (Passed Year) |
|---|---|---|---|
| | | | |
| | | | |

## ४. पेशागत अनुभव (Professional Experience)

(क) कुल कार्य अनुभव (Total Years of Experience) : ____ years

(ख) मुख्य अनुभवको संक्षिप्त विवरण (Key Experience Summary, Max 200 words):

(ग) कार्य अनुभव ( Work Experience)

| कार्य/परियोजना (Task/Project) | भूमिका (Role) | संस्था/संगठन (Organization) | देश (Country) | सुरु वर्ष (Start Year) | अन्त्य वर्ष (End Year) | मन्त्रालयको सम्भावित कार्यसँग सम्बन्धित अनुभव (Relevance of Experience to |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | Potential Ministry Tasks) |
| | | | | | | |
| | | | | | | |

## ५. प्राविधिक दक्षता (Technical Competency)

*(क) मुख्य सीपहरू(Key Skills, Tick one or more):*

☐ नीति निर्माण तथा विश्लेषण (Policy Analysis)

☐ आयोजना/योजना तथा व्यवस्थापन (Project Planning & Management)

☐ अध्ययन तथा अनुसन्धान (Research & Studies)

☐ तालिम तथा क्षमता विकास (Training & Capacity Building)

☐ प्राविधिक निरीक्षण तथा सुपरिवेक्षण (Technical Inspection & Supervision)

☐ समीक्षा तथा मूल्याङ्कन (Review & Evaluation)

☐ अन्य (Others) …….

*(ख) सफ्टवेयर सम्बन्धी सीप (Software Skills, Tick one or more):*

☐ AutoCAD / Drafting Software

☐ Structural Design Software (ETABS, SAP, SAFE आदि)

☐ GIS Software (ArcGIS, QGIS आदि)

☐ BIM Software (Revit, Navisworks आदि)

☐ Data Analysis Tools (Excel Advanced, SPSS, R, Python आदि)

☐ Project Management Tools (MS Project, Primavera आदि)

☐ Dashboard / Visualization Tools (Power BI, Tableau आदि)

☐ Remote Sensing / Mapping Tools

☐ Report Writing / Documentation Tools (MS Word, LaTeX आदि)

☐ Digital Systems / MIS / e-Governance Platforms

☐ अन्य (Others) …….

## ६. रुचि तथा योगदान (Interest and Contribution)

*१. तपाईं स्वयम्सेवी विज्ञको रूपमा किन संलग्न हुन चाहनुहुन्छ? (Why do you want to join as Volunteer Expert?)*
*(Max 150 words)*

*२. तपाईंले योगदान दिन सक्ने क्षेत्रहरू(Areas you can contribute, Tick one or more):*

☐ नीति निर्माण तथा विश्लेषण (Policy Analysis)

☐ आयोजना योजना तथा व्यवस्थापन (Project Planning & Management)

☐ अध्ययन तथा अनुसन्धान (Research & Studies)

☐ तालिम तथा क्षमता विकास (Training & Capacity Building)

☐ प्राविधिक निरीक्षण तथा सुपरिवेक्षण (Technical Inspection & Supervision)

☐ समीक्षा तथा मूल्याङ्कन (Review & Evaluation)

पूर्वाधार विकास मन्त्रालय

☐ अन्य (Others) …….

*३. उपलब्ध हुन सक्ने समय (Availability Hour, Tick only one):*

☐ प्रति हप्ता ७ घण्टा (7 hrs/week)

☐ प्रति हप्ता १४ घण्टा (14 hrs/week)

☐ प्रति हप्ता २१ घण्टा (21 hrs/week)

☐ Project-based

☐ प्रति हप्ता …. घण्टा (… hrs/week)

*४. उपलब्ध हुने अवधि (Availability Period):*

☐ ६ महिना (6 months)

☐ १२ महिना (12 months)

☐ Project-based

☐ अन्य (Others) ….महिना (…. months)

**७. अपलोड गर्ने कागजात (Uploaded Documents)**

☐ नागरिकताको प्रमाणपत्र (Citizenship Certificate

☐ शैक्षिक योग्यताको प्रमाणपत्र (Academic Qualification Certificates)

☐ व्यावसायिक अनुभव खुल्ने कागजात (Documents Showing Professional Experience)

**८. आचरण तथा स्वघोषणा (Integrity and Declaration)**

१. के तपाईंले यसअघि नेपाल सरकारसँग कार्य अनुभव प्राप्त गर्नुभएको छ? (Have you worked with Government of Nepal before?) ☐ छ (Yes) ☐ छैन (No)

२. के तपाईंलाई कुनै अदालत वा निकायबाट सजाय भएको छ? Have you ever been convicted or punished by any court/authority? ☐ छ (Yes) ☐ छैन (No)

३. के तपाईं विरुद्ध कुनै फौजदारी वा भ्रष्टाचार सम्बन्धी मुद्दा चलिरहेको छ? Is any criminal or corruption-related case pending against you? ☐ छ (Yes) ☐ छैन (No)

४. के तपाईं कुनै निकायबाट कालोसूचीमा परेको वा अयोग्य घोषित भएको हुनुहुन्छ? Have you been blacklisted or disqualified by any authority? ☐ छ (Yes) ☐ छैन (No)

५. के तपाईं नेपालमा विज्ञको रूपमा कार्य गर्न कानुनी रूपमा योग्य हुनुहुन्छ? Are you legally eligible to work as an expert in Nepal? ☐ छ (Yes) ☐ छैन (No)

६. के तपाईं स्वेच्छासेवी (पारिश्रमिक नलिई) सेवा गर्न इच्छुक हुनुहुन्छ? Are you willing to serve on a voluntary (non-paid) basis? ☐ छ (Yes) ☐ छैन (No)

**Declaration:**

म यस आवेदन फाराममा उल्लिखित सम्पूर्ण विवरण तथा संलग्न कागजातहरू सत्य, सही र पूर्ण रहेको घोषणा गर्दछु। कुनै विवरण झुट्टा वा भ्रामक ठहरेमा प्रचलित कानून बमोजिम हुने कारबाही भोग्न र विज्ञ रोष्टरबाट दर्ता रद्द गरिने कार्य स्वीकार गर्दछु।

☐ छ (Yes) ☐ छैन (No)

आवेदकको नाम, थरः
हस्ताक्षरः
मितिः

पूर्वाधार विकास मन्त्रालय

## अनुसूची -३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यविवरणको ढाँचा**

१. सामान्य विवरण

कार्य/परामर्श सेवाको शीर्षकः

सम्बन्धित मन्त्रालय/निकायः

कार्य अवधिः

कार्यस्थलः

२. उद्देश्य

(कार्य/परामर्श सेवाको मुख्य उद्देश्य उल्लेख गर्ने।)

३. कार्यक्षेत्र तथा जिम्मेवारी

विज्ञले देहायबमोजिमका कार्यहरू सम्पादन गर्नु पर्नेछः-

(क) ...............................................

(ख) ...............................................

(ग) ...............................................

४. अपेक्षित प्रतिफल

| क.सं. | प्रतिवेदन/कार्य | समय सीमा |
|---|---|---|
| १ | | |
| २ | | |

५. आवश्यक योग्यता तथा अनुभव

शैक्षिक योग्यताः

सम्बन्धित अनुभवः

विषयगत विशेषज्ञताः

आवश्यक सीप तथा दक्षताः

६. प्रतिवेदन पेश गर्ने

विज्ञले सम्बन्धित निकाय वा शाखामा नियमित रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

कार्य विवरण लिने विज्ञको नाम, थरः

हस्ताक्षरः

मितिः

कार्य विवरण दिने पदाधिकारीको नाम, थरः

हस्ताक्षरः

मितिः

पूर्वाधार विकास मन्त्रालय